वर्ष २० | अंक ५१ | नेपाल संवत् ११४२ | २०७८ कात्तिक ३० गते मंगलबार | 16 Nov. 2021 | पृष्ठ ४ | मूल्य रु. १०

एउटै पढे पुग्छ

समाधान

samadhannews.com राष्ट्रिय दैनिक

राप्रपा गण्डकीमा हेमजङ

पोखरा, २९ कात्तिक (समाधान)-राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को गण्डकी प्रदेश अधिवेशनबाट हेमजंग गुरुङ अध्यक्ष निर्वाचित भएका छन् । मदनबहादुर कार्कीलाई पराजित गर्दै उनी अध्यक्ष चुनिएका हुन् ।

आइतबार सातवटै प्रदेशको एकैसाथ सुरु भएको अधिवेशनबाट ७ वटै प्रदेशको नेतृत्व चयन गरिएको हो । राप्रपाको महाधिवेशन प्रचार समितिका

संयोजक मोहन श्रेष्ठका अनुसार प्रदेश १ मा भक्ति सिटौलालाई पराजित गर्दै राम थापा अध्यक्ष निर्वाचित भएका छन् । प्रदेश २ भरत गिरी अध्यक्ष चयन भएका छन् ।

बागमती प्रदेशमा विक्रमबहादुर थापा, कर्णाली प्रदेशमा दीपबहादुर शाही र सुदुरपश्चिम प्रदेशमा धर्मराज जोशी सर्वसम्मत अध्यक्ष चयन भएको श्रेष्ठले जानकारी दिए । ऋषिराज सापकोटालाई पराजित गर्दै प्रदीपकुमार उदय लुम्बिनी प्रदेश अध्यक्ष विजयी भएका छन् । पहिलोपटक सक्रिय सदस्यबाट महाधिवेशन प्रतिनिधि चयन गरेर राप्रपाले मंसिर ११, १२ र १३ गते काठमाडौंमा महाधिवेशन गर्दै छ ।

पोखराका अञ्जन धितापत्र बोर्डमा

पोखरा, २९ कात्तिक (समाधान)-सेयर बजार नियामक निकाय नेपाल धितोपत्र बोर्डको सञ्चालकमा व्यवसायी अञ्जन श्रेष्ठ नियुक्त भएका छन् । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्रेष्ठ पोखराको व्यावसायिक घराना लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक हुन् ।

महासंघका वरिष्ठ उपाध्यक्ष तथा व्यावसायिक घराना आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले यसअघि धितोपत्र बोर्ड सञ्चालकबाट राजीनामा दिएपछि उक्त पद खाली थियो । सोही पदमा महासंघका अध्यक्ष शेखर गोल्छाले उपाध्यक्ष श्रेष्ठलाई पठाउने निर्णय गरेका हुन् ।

श्रेष्ठ धितोपत्र बोर्ड सञ्चालक समिति बैठकमा सहभागी पनि भइसकेका छन् । श्रेष्ठको कार्यभार आगामी डेढ वर्षसम्म हुनेछ ।

माले महासचिवमा सिपी

पोखरा, २९ कात्तिक (समाधान) - नेकपा मालेको महासचिव फेरि सीपी मैनाली निर्वाचित भएका छन् । चितवनमा भएको महाधिवेशनले मैनालीको नेतृत्वको ८१ सदस्यीय केन्द्रीय समिति चुनेको हो ।

पोलिटब्युरो र स्थायी समिति केन्द्रीय समितिले चयन गर्नेछ । २०३५ साल पुस ११ मा स्थापना भएको नेकपा मालेका संस्थापक महासचिव सिपी नै हुन् । ०४७ सालपछि अन्य कम्युनिष्ट घटक र मालेबीच एकीकरण भएर नेकपा (एमाले) गठन भएको थियो ।

त्यसपछि मैनाली पनि एमालेको नेता बने । ०५४ साल फागुनमा बामदेव गौतमले एमाले फुटाएर नेकपा माले गठन गरेपछि मैनाली पनि बामदेव गौतमसँगै मालेमै रहे । ०५८ साल फागुनमा बामदेव गौतम लगायतका नेताहरू फेरि एमालेमा फर्किए पनि मैनाली भने मालेमै छन् ।

अख्तियारमा गण्डकीबाट सबैभन्दा कम उजुरी

स्टिङ अप्रेसन गर्न नपाउँदा सेवाग्राही निरुत्साहित

समाधान संवाददाता
पोखरा, २९ कात्तिक

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ७ प्रदेशमध्ये सबैभन्दा कम उजुरी गण्डकीबाट परेका छन् । आयोगको वार्षिक प्रतिवेदनले त्यस्तो देखाएको हो । प्रतिवेदन काठमाडौंमा प्रमुख आयुक्त प्रेमकुमार राईले सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाए भने ७ प्रदेशस्थित आयोग कार्यालय प्रमुखहरुले प्रदेश प्रमुखहरुलाई बुझाए ।

अख्तियारको पोखरा कार्यालय प्रमुख कोषहरि निरौलाले गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङलाई सोमबार उनकै कार्यालयमा वार्षिक प्रतिवेदन बुझाएका छन् । आर्थिक वर्ष २०७७/०७८ मा पोखरा कार्यालयमा ९ सय ३२ उजुरी परेको प्रतिवेदनमा उल्लेख छ । उक्त वर्ष मुलुकभरबाट परेका उजुरीमध्ये गण्डकीमा ७.१६ प्रतिशतमात्र उजुरी परेको हो ।

सबैभन्दा धेरै उजुरी प्रदेश नम्बर २ मा परेको छ । प्रदेश २ मा २४ दशमलव ५६ प्रतिशत परेको छ । प्रदेश १ मा १२ दशमलव ५४ प्रतिशत, बागमती प्रदेशमा २२ दशमलव ५९ प्रतिशत, लुम्बिनी प्रदेशमा १३ दशमलव ७२ प्रतिशत, कर्णाली प्रदेशमा ७ दशमलव ९८ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ११ दशमलव ४५ प्रतिशत उजुरी परेको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा परेका २२ हजार ६ सय २५ वटा उजुरीमध्ये ६४ दशमलव ७२ प्रतिशत (अर्थात् १४ हजार ५ सय ३२ वटा) फर्छ्यौट भएका छन् । फर्छ्यौट भएका उजुरीमध्ये ८ हजार २ सय ६७ वटा प्रारम्भिक छानबिनबाट तामेलीमा राखिएको र ८ सय ५० वटा उजुरी सुझावसहित तामेलीमा पठाइएको छ । पोखरा कार्यालय प्रमुख निरौलाले प्रदेश प्रमुखलाई प्रतिवेदन बुझाएपछि

अख्तियार पोखरा कार्यालय प्रमुख कोषहरि निरौला, उपसचिव श्रीकृष्ण पौडेल, उपसचिव (सिडिई) राजकाजी श्रेष्ठ र सूचना अधिकारी मेघनाथ रिजाल संवाददाताहरुसँग सोमबार संक्षिप्त कुराकानी गर्ने क्रममा ।

> **गण्डकीमा स्थानीय तह त्यसमा पनि शिक्षा शाखामाथि धेरै उजुरी केन्द्रित छन् । स्थानीय तहविरुद्ध ४९१ उजुरी छन्**

आफ्नै कार्यालयमा संवाददाताहरुसँग स्टिङ अप्रेसन नगर्ने भन्ने नीति हुँदा सर्वसाधारणको उजुरी कम आएको अनुभव सुनाए । सूचना अधिकारी मेघनाथ रिजालका अनुसार पहिला स्टिङ अप्रेसन गर्दा अख्तियारबाट पैसाको व्यवस्था गरी घुस मागेका कहाँ पुगेर स्टिङ अप्रेसन हुन्थ्यो । तर अब घुस मागिएका सेवाग्राहीकै पैसा प्रयोग गर्नुपर्ने हुँदा सेवाग्राहीले त्यसो गर्न कम चासो दिएको रिजालको भनाइ थियो ।

अख्तियारको पोखरा कार्यालयले गण्डकीको नवलपुरबाहेक १० जिल्ला हेर्छ । आयोगको बुटवल कार्यालयको कार्यक्षेत्रमा नवलपुर राखिएको छ । उक्त जिल्लामा त्यस वर्ष ४६ उजुरी परेकोमा १२ मात्रै फर्छ्यौट भएका छन् । गण्डकीमा बढी कास्कीमा १ सय ७२ र कम मुस्ताङमा जम्मा ६ उजुरी आयोगमा दर्ता भएका थिए । दर्ता उजुरीमध्ये ५ सय फर्छ्यौट भएको प्रतिवेदनमा उल्लेख छ ।

गण्डकी प्रदेशमा पनि स्थानीय तहविरुद्ध उजुरी धेरै परेको रिजालले जानकारी दिए । उनकै भनाइमा स्थानीय तहको पनि शिक्षा शाखामाथि धेरै उजुरी केन्द्रित छन् । स्थानीय तहविरुद्ध ४ सय ९१ उजुरी परेका छन् ।

गण्डकीको तनहुँबाट १ सय ७ उजुरी परेका छन् । त्यहाँ संघ सरकार अन्तर्गतका कार्यालय विरुद्ध ३४ वटा, प्रदेश अन्तर्गतका कार्यालयमा विरुद्ध १३ र स्थानीय तह विरुद्ध ६० उजुरी परेका हुन् । स्याङ्जाका १ सय २ उजुरी परेका छन् । पर्वतका ७२, बागलुङका ६८, लमजुङका ५७, गोरखाका ५३, म्याग्दीका ४९, मनाङका ७ वटा उजुरी छन् ।

प्रतिवेदन बुझेपछि गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले ठूला ठूला माछा अख्तियारमा कमै फस्ने गरेको बताए । अपराध र भ्रष्टाचार गर्ने ठूला राजनीतिकर्मी र प्रशासकप्रति उनको संकेत थियो । 'आयोगको अहिलेसम्मको क्रियाकलापमा ठूला ठूला माछा कमै फस्ने गरेका छन्,' उनले भने, 'मिडियाबाट ठूला ठूला भ्रष्टाचारका समाचार आइरहेका छन् । त्यसमा पनि अख्तियारले जनतालाई विश्वास हुने गरी काम गरोस् ।' अख्तियारले भ्रष्टाचारीलाई कारबाही गर्न सक्छ, गर्छ भन्ने विश्वास कायम गर्नुपर्ने उनले सुझाए ।

कार्यालय समयमा लाइसेन्स आवेदन बन्द

समाधान संवाददाता
काठमाडौं, २९ कात्तिक

यातायात व्यवस्था विभागले १ हप्ताका लागि कार्यालय समयमा आवेदन लिन बन्द गरेको छ । सवारी चालक अनुमति पत्र (लाइसेन्स) का लागि फारम भर्न अनलाइन प्रणालीमा अधिक चाप परेको भन्दै विभागले १ हप्ताका लागि १० बजेदेखि साँझ ५ बजेसम्म आवेदन लिन बन्द भएको जनाएको हो ।

अधिक चापले गर्दा यातायात व्यवस्था कार्यालयहरूबाट हुने दैनिक सवारी चालक अनुमति पत्र सम्बन्धी कार्यमा असर परेको विभागको भनाइ छ । विभागले सोमबार एक सूचना प्रकाशित गर्दै कार्यालय समयमा अनलाइन आवेदन बन्द गरिएको जनाएको हो । प्रणालीको लोड (चाप) व्यवस्थापन कार्य सम्पन्न भएपछि मात्र अनलाइन आवेदन प्रणाली सञ्चालन हुने जनाएको छ ।

विभागले गत कात्तिक ८ गते नयाँ लाइसेन्सका लागि आवेदन खुला गरेको थियो । लामो समयसम्म अवरुद्ध रहेको चालक अनुमतिपत्र भर्नेको संख्या ३ सातामा नै झण्डै ४ लाख पुगेको छ । यातायात व्यवस्था विभागले कात्तिक ८ गतेदेखि आवेदन पुनः खुलाएको थियो । २ वर्षयता नियमित रुपमा सेवा चालु नभएकाले पनि थोरै समयमा धेरैको आवेदन परेको यातायात व्यवस्था विभागले जनाएको छ । कात्तिकभन्दा पहिलेसम्म झण्डै २ लाख आवेदन दिएकाको परीक्षा लिन बाँकी रहेकामा अहिले त्यो संख्या झण्डै ६ लाखको हाराहारीमा पुगेको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताए । कोभिड संक्रमणका कारण यातायात व्यवस्था कार्यालयले परीक्षा लिने अवस्था नहुँदा आवेदन स्थगित गरिएको थियो । विभागले आवेदन लिइरहँदा यातायात व्यवस्था कार्यालयले पनि नियमित रुपमा परीक्षा सञ्चालन गरिरहेका छन् । दैनिक रुपमा नयाँ आवेदन दिने बढिरहेको विभागका प्रवक्ता डा भुसालले बताए ।

कात्तिकको दोस्रो सातादेखि नै आवेदन पुनः खुलाइएको भए पनि बीचमा झण्डै ४ दिन अवरुद्ध भएको थियो । एकै पटक धेरै सेवाग्राहीले आवेदन भर्न खोज्दा समस्या आएको प्रवक्ता भुसालले बताए ।

गत वर्ष पनि विभागले अनलाइन फाराम खुलाउनासाथ भर्न नसकिने समस्या देखिएको थियो । सेवाग्राहीको चापका आधारमा पनि सफ्टवेयरको क्षमता बढाइएकाले अहिले समस्या नआएको विभागले जनाएको छ । उनले भने, 'अहिले अपडेट गरेपछि फारम बुझाउन सकिएन भन्ने गुनासो छैन ।'

वि.सं. २०७६ चैतमा कोभिडका कारण सरकारले बन्दाबन्दी लागु गरेसँगै नयाँ चालक अनुमतिपत्रको परीक्षा रोकिएको थियो । गत वर्ष माघमा संक्रमण कम भएको भन्दै अनलाइन फाराम खुलाइएको भए पनि संक्रमण पुनःबढेपछि स्थगित भएको थियो । २ वर्षयता नियमितरुपमा परीक्षा हुन नसकेकाले धेरै सेवाग्राही परीक्षामा सहभागी हुन पाइरहेका छैनन् ।

पानापाथी हिमपहिरो

३ घाइतेलाई पोखरा ल्याइयो

सुन्दरकुमार थकाली
जोमसोम, २९ कात्तिक

मुस्ताङको थासाङ २ नाउरीकोट माथिका चौरी खर्कमा रहेका १४ याक, चौरी बेपत्ता भएका छन् । आइतबार धौलागिरी क्षेत्रको पानापाथी हिमालबाट आएको पहिरोका कारण सित्लुङ खर्कमा रहेका २ गोठका १४ याकचौरी बेपत्ता भएको कोवाङ प्रहरी चौकीले जनाएको छ ।

पानपाथी हिमाल फेदमा ३ चौरी गोठ थिए । त्यहाँ सचेन्द्र गौचनका ६५, भीम गौचनका ६५ र सुशीला गौचनका ४० याक, चौरी थिए ।

आइतबार बिहानैबाट याकचौरीको खोजी गर्ने क्रममा सचेन्द्रका ५८ र भीमका ५८ याकचौरी भेटिएको कोवाङ प्रहरी चौकीका इन्चार्ज नेत्र जिटीले जानकारी दिए । सचेन्द्र र भीमका १४ याकचौरी फेला परेनन् । अहिले हिम पहिरो भएको क्षेत्रबाट प्रहरी टोली फिर्ता आएको छ भने चौरीधनीहरु भने गोठ भएको ठाउँमा गएका छन् ।

सुशीलाका याकचौरी भने मंगलबार खोजिनेछ । याक, चौरी गर्मी याममा उच्च लेकमा र हिउँदमा बेसी स्थान्तरण गरिन्छ । अहिले चिसो बढ्न थालेपछि याकचौरी बस्तीमा ल्याउने तयारी थियो । हिम पहिरोमा पशु परेपछि किसान मर्माहत भएका छन् ।

आइतबारको हिम पहिरो अहिलेसम्मकै ठूलो भएको स्थानीय बताउँछन् । हिम पहिरोपछि बोक्सी खोला र नाउकोट क्षेत्र माथिको लेक र खोलामा बरफ थुप्रिएको प्रहरीले जनाएको छ । पहिरोले खर्कमा रहेका सल्ला, धूपीका रुखसमे लतारिएका छन् ।

पहिरोपछिको भागदौडमा घाइते भएकामध्ये ३ जनालाई सोमबार थप उपचारका लागि पोखरा रिफर गरिएको छ । उनीहरुलाई तारा एअरको जहाजमा राखेर पोखरा लगिएको हो ।

हिम पहिरोले कोवाङमा रहेको जनआर्दश अमरसिंह माध्यमिक विद्यालयका डेढ सयभन्दा बढी विद्यार्थीको भागदौड चलेको थियो । भागदौड हुँदा ३ शिक्षक र ८ विद्यार्थी घाइते भएका थिए । जोमसोम अस्पतालमा रहेका ८ घाइतेको अवस्था सामान्य छ ।

हिम पहिरोले मानापाथी हिमाल फेदीमा जम्मा गरेको लेदो

गर्ल्यामगुर्लम हिमालै खसेको जस्तो भो

वीरेन्द्र लामिछाने

आइतबार बिहान साढे ११ बजे जनआर्दश माध्यमिक विद्यालयमा दोस्रो कक्षा चल्दै थियो । शिक्षक वीरेन्द्र लामिछाने पढाइरहेका थिए । हिमपहिरोपछिको भागदौडमा उनी घाइते भए । अहिले उनको जोमसोम अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे उनी यसो भन्छन्:

म जनआदर्श माविको शिक्षक हुँ । मुस्ताङमा पढाउन थालेको २ वर्ष भयो । हिम पहिरोबारे सुनेको भए पनि देखेको थिइनँ । अकस्मात साढे बजे धौलागिरीको पानापाथी हिमालबाट भीषण हिमपहिरो आयो । डरलाग्दो आवाजसहितको हिम पहिरो देखियो । पहिले त मलाई हिम पहिरो गएको पत्यार नै लागेन । हिम पहिरोको आवाज रहेछ, हावाको बेग सम्झिएँ । पछि हेडसरले हिम पहिरोको सूचना गराएपछि हामी बाहिर निस्कियौं । पछाडि फर्केर हेर्दा त गर्ल्यामगुर्लम हिमालै खसेको जस्तो अनुभूति भयो । हामी आत्तियौं । त्यसपछि विद्यालयका शिक्षक र विद्यार्थी ज्यान बचाउन सुरक्षित स्थानतिर भाग्यौं । हामी भाग्दै थियौं, धूलो र हिउँ एकैसाथ आफूअघि आइसके जस्तो लाग्थ्यो । बाच्नै सकिन्न जस्तो अनुभूति भयो ।

स्कुलमाथि भएकाले हिम पहिरोको जोखिम हामीलाई बढी छ । भागदौडमा हामी शिक्षक र केही शिक्षक घाइते भएका छौं । अझै पनि सो क्षेत्रका स्थानीय र विद्यालय परिवारलाई केही दिनसम्म मनोवैज्ञानिक असर पर्ने देख्छु ।

मतदानस्थल र मनोनयन मिति तय

समाधान संवाददाता
पोखरा, २९ कात्तिक

नेपाली कांग्रेसको १४ औं महाधिवेशनका लागि मतदानस्थल तोकिएको छ । अधिवेशनका लागि निर्वाचन अधिकृतका रुपमा खटिएका रामचन्द्र पौडेल (आरसी)ले सोमबार जिल्लाका पदाधिकारी, क्षेत्र र प्रदेशसभाका सभापतिसँग बैठक गरी मतदानस्थल तोकेका हुन् ।

जिल्ला सभापति कृष्ण केसीको अध्यक्षतामा भएको बैठकले जिल्ला, क्षेत्र र प्रदेशसभा अधिवेशनको अधिल्लो दिन उम्मेद्वार मनोनयन दर्ता गर्ने निर्णय गरेको छ । कास्की कांग्रेस प्रवक्ता नवीन सिग्देलका अनुसार मंसिर ३ गते हुने प्रदेशसभा अधिवेशनका लागि २ गते, ६ गते हुने क्षेत्रीय अधिवेशनका लागि ५ गते र १० गतेको जिल्ला अधिवेशनका लागि ९ गते उम्मेद्वार मनोनयन दर्ता

गर्नुपर्ने छ ।

बैठकले मंसिर ६ गते हुने क्षेत्र नं १ को क्षेत्रीय अधिवेशनको मतदानका लागि मंसिर ३ गते हुने १ (क) को मतदानका लागि तालचोकस्थित शुभम पार्टी प्यालेस र १(ख)को मतदानका लागि माटेपानीस्थित एसआर केसी क्याटरिङ तोकेको छ ।

क्षेत्र नं २ को क्षेत्रीय अधिवेशनको मतदान नयाँ बजारस्थित पोखरा प्रदर्शनी केन्द्रमा हुनेछ । २(क)को पोखरा विरौटा र २(ख)को पोखरा चिप्लेढुंगा पार्टी कार्यालयलाई मतदानस्थल तोकिएको छ । क्षेत्र नं ३ को अधिवेशनका मतदानस्थल हेमजास्थित पार्टी कार्यालयलाई तोकिएको छ । ३ (क) का लागि हेमजास्थित पार्टी कार्यालय र ३(ख)का लागि नागडाडाँस्थित पार्टी कार्यालयलाई तोकिएको छ । मंसिर १० गते हुने जिल्ला अधिवेशनको मतदान पोखराको नयाँ बजारस्थित प्रदर्शनी केन्द्रमा हुने पार्टीले जनाएको छ ।

सम्पादकीय

हिमाली विपदको पूर्वतयारी

नेपालको प्राकृतिक स्वरुपमा जति विविधता र सौन्दर्य छ, प्राकृतिक विपद पनि थरिथरिका हामीले सामाना गर्नुपर्छ । भूकम्प, बाढी, पहिरो, हावाहुरी, हिमताल विस्फोट, हिमपहिरो, सुख्खा पहिरो जस्ता विपद बेला बेलामा हामीले सामना गर्नु परिहेको छ । प्राकृतिक विपदलाई पूर्ण रुपमा हटाउन त सम्भव छैन, जनचेतना, सावधानी र पूर्वतयारी भए धेरै हदसम्म धनजनको क्षति कम गर्न सकिन्छ । विडम्बना हामी यही पक्षमा कमजोर छौं । कुनै विपद् आए केही दिन वा त्यसको त्रास रहेसम्म कुराकानी गर्ने, पूर्वतयारीको माग गर्ने, सरकारी र गैरसरकारी भ्रमण, राहत दिइने हुन्छ । समयक्रमसँगै यो दायित्वबाट नागरिक समाजदेखि लिएर राज्य सञ्चालकसम्म बिमुख हुन्छन् । यस कारणले बेला बेलामा आउने प्राकृतिक विपदबाट नेपालीले ठूलो धनजनको नोक्सानी सहनु परिरहेको छ ।

आइतबार मुस्ताङको थासङ गाउँपालिकामा मध्याह्नतिर ठूलो हिमपहिरो गयो । मानापाथी हिमालको फेदी अर्थात चौरीको चरन क्षेत्र रहेको नाउरीकोटको फाँट हुँदै भीषण हिमपहिरो जाँदा तल्लो तटीय क्षेत्रमा रहेको कोवाङ गाउँको जनआदर्श माविका विद्यार्थी तथा शिक्षकको भागदौड मच्चियो । केही चौरी हराइरहेका छन् भने १ दर्जन जति मानिस घाइते भएका छन् । हिमपहिरो दिउँसो र मानिसको बसोबास नभएको क्षेत्रतिर आएकाले मानवीय क्षति हुन पाएन । यत्रै हिमपहिरो मानव वस्तीतिर आएको भए निकै ठूलो क्षति हुने थियो । घटनापछि जिल्ला प्रशासन र प्रदेशको टोलीले घटनास्थल अवलोकन गरेको छ ।

करिब आधा घन्टासम्म गएको पहिरोले केही बेर राजमार्गसमेत अवरुद्ध गरेको थियो । पहिरोपछि केहीलाई सुरक्षित स्थानमा सारिएको छ भने सो क्षेत्रमा चरनमा रहेका याक, चौरीको खोजी गरिँदै छ । हिमपहिरोको धक्का नाउरिकोट गाउँ, बोक्सी खोला नजिक बेनी जोमसोम राजमार्ग र जनआदर्श माध्यमिक विद्यालयमा समेत महसुस भएको थियो । पहिरोले घरबाहिर सुकाइएका उवा र फापरसमेत क्षति गरेको छ । सो क्षेत्रमा फेरि हिम पहिरो खस्न सक्ने सम्भावना भएकाले स्थानीयलाई उच्च सर्तकता अपनाउन प्रशासनले आग्रह गरेको छ । कोभिड संक्रमणपछि विस्तारै लयमा फर्किदै गरेको मुस्ताङको पर्यटन क्षेत्रलाई यसले झस्काइदिएको छ । हाम्रा हिमाली क्षेत्र सुन्दर छन्, सँगसँगै जोखिमयुक्त पनि छन् । हामीले पर्यटन विकाससँगसँगै विपद्बारे जनचेतना, पूर्वसावधानी र पूर्वतयारी पनि गर्नुपर्छ । कतै हिमालमा पर्यटक हराएमा विदेशीलाई गुहार्नुपर्ने अवस्था अझै छ । अकस्मात हिमपहिरो वा हिमनदीमा बढी आएर ठूलो क्षति हुने अवस्थामा हामीले गर्नुपर्ने पूर्वतयारी गरेका छैनौं । सामान्य उपचारकै लागि हिमाली जिल्लाबाट पोखरा, काठमाडौं लगायतका सहर आउनुपर्ने वाध्यता छ । सडक सञ्जाल सहज नहुँदा सास्ती एकातिर छँदै छ भने हवाई यातायात महंगो र नियमित उडान नहुँदा यता पति समस्या नै छ । योजनावद्ध रुपले हिमाली क्षेत्रमा आइपर्न सक्ने विपद्बारे पूर्वतयारी, सचेतना र विपद् आइहाले उद्धार र उपचारको प्रबन्ध गर्न ढिलो नगरौं ।

भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, हेमन्तर्तुः राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल मंसिर १ गते बुधबार नेपाल सम्वत ११४२ कछलाथ्व, सन् २०२१ नोभेम्बर १७ तारिक शुक्लपक्ष त्रयोदशी तिथि विहान १० बजेर १५ मिनेटसम्म, अश्विनी नक्षत्र राती ११ वजेर ४१ मिनेटसम्म, व्याघातयोग, तैतिलकरण, आनन्दादियोग मृत्यु, सूर्य वृश्चिक राशिमा, चन्द्रमा मेष राशीमा ।

राशिफल

वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ काम गर्ने वातावरण देखिन्न, फजुल खर्च बढ्नेछ ।
- **वृष** ■ गरेका कामबाट लाभान्वित, मित्रबाट सहयोग ।
- **मिथुन** ■ सामाजिक प्रतिष्ठा बढ्ने, सहज कार्य सम्पादन ।
- **कर्कट** ■ धार्मिक कार्यमा रुची, पठन पाठनमा सुधार ।
- **सिंह** ■ अनावस्यक तनाव, आर्थिक कारोवारमा गिरावट ।
- **कन्या** ■ दामपत्य जीवनमा सुखानुभूति, यात्राको योग ।
- **तुला** ■ शत्रु परास्त, प्रतिश्पर्धात्मक कामबाट लाभान्वित ।
- **वृश्चिक** ■ पढाई लेखाईमा प्रगति, व्यापारबाट थोरै लाभ ।
- **धनु** ■ पारिवारिक चिन्ता, आतिश्यता खर्चमा वृद्धि हुनेछ ।
- **मकर** ■ उत्साहा बढ्ने, काममा प्रगति, आर्थिक उन्नति ।
- **कुम्भ** ■ ऋण लगानी नगर्नु होला, इष्टमित्रबाट सहयोग ।
- **मीन** ■ धार्मिक कार्यमा धन खर्च, मित्रबाट धोका हुनसक्छ ।

संक्रमणमा मणिपाल अस्पताल

रामप्रसाद सुवेदी

देशमा स्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गर्ने र स्तरीय स्वास्थ्य सेवा दिने मनसायले सन् १९९४ (विस २०५१) सालमा स्थापना भएको पोखरा ११ फूलबारीको मणिपाल शिक्षण अस्पताल अहिले स्थापनाकालको २७ औं वर्षपछि व्यवस्थापकीय संक्रमणबाट गुज्रिरहेको छ । जे जस्तो आशा र भरोसा यसको स्थापना कालमा पोखरेलीहरुको थियो। त्यसमा तुसारापात नै भएको छ । यसको स्थापनाले यहाँका स्थानीयको रोपनीमा गनिने जग्गाको मूल्यलाई हातको हिसाबमा र केही स्थानीलाई रोजगारमा स्थापित गरिदिनेबाहेक यसले आफ्नो २७ औं वर्ष जे प्रयोजनले यहाँआएको थियो, त्यो कत्ति पनि प्राप्त भएन ।

हुनत हरेक विदेशी संस्था जो नेपालमा खोलिएका छन्, ती सबै नाफामुखी नै हुन्छन् । यस्ता संस्था नाफाहुञ्जेल जुकाले रगत चुसेको जस्तो गरेर चुसिरहेका हुन्छन् अनि आफूले भनेजस्तो नभएपछि र यथेष्ट मुनाफा कुम्ल्याउन नसकेपछि मरेको मान्छेलाई जुम्राले छोडेको जस्तो गरेर हिँडेको योमात्र हैन अरु नेपालमा चलेका विदेशी आयोजनाबाट पनि थाह पाउन सकिन्छ । यो संस्थाले आफूलाई सेवाप्रदायक संस्थाका रुपमा स्थापना गर्न सकेन र अहिले यहाँ गरेको सम्झौताको विपरीत व्यवस्थापन परिवर्तन गरेर जान लागेको बाहिर सुनिन आएको छ । एउटा लामो अवधिको सेवाग्राहीको नाताले आउने व्यवस्थापनकामाथि केही गुनासाका रुपमा आफूले अनुभव गरेको तिक्तता व्यक्त गरिएको छ ।

अपनत्वको अभाव

यो अस्पताल अगाडिबाट हेर्दा चिटिच्याट्ट देखिए पनि यसको पछाडिको भागमा हेर्ने हो भने पूरै भित्ताभरि लेउ लागेको, जतातते घाँस, झार र वरपीपलका बिरुवाले भरिएको, रेलिङका डिलहरु भत्केका र अस्थिपञ्जरका करङजस्ता रडहरु झुन्डिएका देखिन्छन् । यसले के को संकेत गर्दछ भने हिजोको व्यवस्थापनले अनुकूल मूल्य पाउनेबित्तिकै उन्मुक्ति खोजेको र अगाडि टल्काउने पछाडि धोध्रयाउने गरेर मूल्यको बार्गेनिङमा बसेको थियो । अनुकूल पैसा दिने कोही पाए बेचिहाल्ने मानसिकता रहेकाले यो अस्पतालले अपनत्वको अभावमा गुज्रिनु परेको थियो । यसको तल छात्राबासमा पनि जतातते लेउ लागेको, घाँस उम्रिएको, रेलिङका डिलहरुमा रड तेर्सिएका देखिन्छन् । यी यसको उचित संरक्षणका अभावका उदाहरण हुन् । यो कसैको निजी घर वा भवन हुन्थ्यो भने यसको संरक्षण हरतरहले गरिएको हुन्थ्यो । यो संस्थाले सेवा दिने भन्दा पनि कसरी नाफा कमाउने र अगाडि टल्काएर नाफामा बेच्ने मनसायले स्थापना भएको स्पष्ट संकेत दिएको छ ।

कर्मचारी युनियन

नेपालका सार्वजनिक संस्थानहरु बहुदल आएपछि र २०६२/२०६३ को गणतन्त्रपछि सबैभन्दा बढी थिल्थिलिएको कारणमध्ये एउटा कारण संस्थामा अनाधिकृत सृजना गरिएका कर्मचारीका युनियन हुन् भन्दा कुनै अत्युक्ति नहोला । यो संस्थामा पनि कर्मचारी युनियन अति नै हावी भएको देखिएको थियो । त्यस्ता कर्मचारीका युनियन वर्गीय र संस्थाको हितका लागि भन्दा पनि आफ्नो व्यक्तिगत फाइदाका लागि लागिरहे । आफूलाई अनुकूल ठाउँमा सरुवा खोज्ने, हरेक नियुक्ति र बढुवामा भागबन्डा तेर्स्याउने र अधिकारको नाममा महिनौंसम्म हड्ताल गरेर संस्था बन्द गर्ने र कर्तव्यको भन्दा अधिकारको बढी वकालत गर्ने संस्कारको विकास गरेका गुनासाहरु आएका थिए । कर्मचारीका युनियनहरु कर्तव्यभन्दा अधिकारतिर लागिरहे ।

डाक्टर र कर्मचारीको कार्यशैली

सबैभन्दा उदेकलाग्दो त यहाँ डाक्टर र कर्मचारीको व्यवहार नै हो । सिनियर डाक्टरहरु ओपिडीमा चेकै गर्दैनन् । ११ बजे आएर १२ बजे खाना खान निस्किसकेका हुन्छन् । बेलुका ३:३० मा आउने अनिमलाई धेरै नदेऊ भन्दै टक्टकिएका हुन्छन् । प्राय: बिरामीलाई इन्टर्न्सको जिम्मा दिएर हिँडेका हुन्छन् । इन्टर्न्सप्रति उनीहरुको व्यवहार पनि रुखो हुन्छ जुन त्यति सहयोगी र सौहार्द देखिँदैन । कतिपय डाक्टर खाना खाने समय भनेर यहाँबाट चाँडो निस्कने अनि निजी क्लिनिकमा बिरामी चेक गरेका छन् ।

एक, दुई पटक त मलाई फलानो ठाउँमा फलानो क्लिनिक छ त्यहाँ आउनुहोस् न सम्म भनेको मैले व्यहोरेको छ । यहाँका पूर्णकालीन डाक्टरले निजी क्लिनिकमा खुला रुपमा आफ्नो नाम राखेर आम सञ्चारबाट बिज्ञापन गरेको देखिन्छ । यसो गर्न नैतिकताले दिन्छ कि दिँदैन ? बरु तिनीहरुले यहाँको पूर्णकालीन भएपछि म मणिपालमा यति बेलादेखि यति बेलासम्म परीक्षण गर्दछु, आउनुहोस् राम्रोसँग हेराँला भनेर विज्ञापन गर्नु पर्दछ । नर्स र अन्य नन् प्यारामेडिकल कर्मचारीको व्यवहार त झन सेवाग्राहीकाप्रति अत्यन्त रुखो हुन्छ । कुनै बेला छोराको सामान्य ज्वरोका कारणले उपचाररत रहँदा डिउटीमा आउने नर्सले औषधीको नाम लेखिदिइन अनि औषधी लिन जाँदा त्यहाँ काम गर्ने कर्मचारीले तपाईको छोरालाई क्यान्सर भएको हो भनेर सोधे अनि दौडेर गएर डक्टरलाई भनेर औषधी फेर्न लगाइयो यस्तोसम्म त्यहाँका नर्सहरुको लापरवाही छ ।

यदि त्यो फार्मिस्टले नसोधिकन तुरुन्तै औषधी दिएको भए त्यसको परिणाम के हुन्थ्यो होला? यो स्तम्भकार नियमित परीक्षणका लागि कोजाग्रत पूर्णिमाको भोलिपल्ट जाँदा त्यो दिन अलि बढी भिड थियो र टोकन नम्बर २३४ परेको थियो अनि अगाडि वेटिङ रुममा बसेर आफ्नो नम्बर कुरिरहँदा १८५ नम्बरपछि त्यहाँका कर्मचार बन्द गरेर हिँडे । नजिकै रहेका चौकीदारसँग कुरा गर्दा उनले भने "यस्तै हो यहाँ, मामा ! म बाहिर गएर एकै छिनपछि आउँछु है भनेर जान्छन् अनि उतै हराएका हुन्छन् के गर्ने !

त्यसपछि फिस्टेलमा गएर चेक गरँ । व्यवस्थापन राम्रोसँग चल्नका लागि क सेल्फ कन्ट्रोल र सेल्फ डिरेक्सन हुन पर्दछ जुन उद्देश्यका आधारमा गरिने व्यवस्थापन हो । यो यहाँ छैन नभएपछि निकट निरीक्षणबाट कर्मचारी र डाक्टरलाई नियन्त्रणमा लिनु पर्दछ नत्र भने संस्था लथालिङ्ग र भताभुङ हुन्छ । अर्कोतिर व्यवस्थापनले नेपाली मेडिकल कर्मचारीलाई गरेर दिएको गुनासो पनि पाइयो । कतिपयको त रिपोर्ट लिन गएको समयमा हराएर फेरि रगत दिनुपर्ने अवस्था पनि सिर्जना भयो । आखिर किन यस्तो हुन्छ ? यो एउटा चरम लापरवाही नै हो ।

सबैभन्दा उदेकलाग्दो त यहाँ डाक्टर र कर्मचारीको व्यवहार नै हो। सिनियर डाक्टरहरु ओपिडीमा चेकै गर्दैनन्

र विदेशीलाई दिने सुविधामा फरक गरेको बजार हल्ला सुनिन्छ यदि यो साँचो भए यसले धेरै गुनासा संस्थामा उत्पन्न गर्दछ । त्यहाँ कार्यरत मानव संसाधनको उत्प्रेरणा घटाउने काम गर्दछ । यदि यस्तो भए त्यो हटाउनु व्यवस्थापनको प्रमुख कर्तव्य हुन जान्छ । कतिपय महिला कर्मचारी हातमा स्वीटर बुन्ने धागो र काँटा लिएर बसेको देखिन्छ । यसरी हरतरहले हेर्दा विगतमा यो संस्था कुनै नियन्त्रण र अनुशासन विना तदर्थवादमा चलेको देखिन्छ । यो संक्रमण कालमा नयाँ व्यवस्थापनको चुनौतीका रुपमा रहेको छ ।

फाइल र प्रतिवेदनमा लापरवाही

मणिपाल शिक्षण अस्पतालको अर्को लापरवाही फाइल र स्याम्पल परीक्षणमा छ । सुरुमा प्रत्येक सेवाग्राहीको फाइल खडा गरेर तलको ग्राउन्ड फ्लोरमा राखेर सम्बन्धित ठाउँमा सम्बन्धित बिरामीको डाक्टरलाई दिने चलन थियो, यसो गर्दा कहिलेकाहीं एउटाको फाइल अर्काकोमा परेको पनि भेटियो । पढेलेखेकाले भने हेरेर आफ्नो हो होइन पहिचान गर्दथे तर नपढेकाले जे दियो त्यही लिएर जान्थे । यसले एउटाको रोगको भारी अर्काले बोकेर गएका उदाहरण पनि भेटिए । प्रयोगशालाको रिपोर्टको क्यालकुलेशनमा कतिपयको लापरवाहीले पुरानो जे छ, त्यसैमा थपघट

बिमा गरेका सेवाग्राहीलाई सास्ती

यो अस्पतालले पहिला इन्सुरेन्सका बिरामीको उपचारमा सरकारसँग सम्झौता गऱ्यो तर ती बिरामीलाई भने दोस्रो दर्जाको नागरिकका रुपमा हेऱ्यो । इन्सुरेन्सका बिरामीको भीड बिहानदेखि नै हुन्छ । टिकट काउन्टर एउटामात्र चल्थ्यो अनि कहिले सिस्टम चलेन भनेर रोकिएको हुन्थ्यो । बिरामी घण्टौंसम्म उभिएर कुरेका हुन्थे । जाँचिसकेपछि औषधीमा त्यस्तै बेवास्ता र लापरवाही थियो । घण्टौं औषधीको लाइनमा पालो कुरेर आइसकेपछि यो औषधी इन्सुरेन्समा पर्दैन, उता किनेर लैजानु भन्दथे ।

कहिले सिस्टम चलेको छैन भनेर बिरामीलाई भोलि आऊ भनेर ढोका थुनेर हिँड्दथे । यो अवस्थामा नजिककालाई त त्यति समस्या भएन तर टाढा टाढाबाट आउने बिरामीको अवस्थाका बारेमा उनीहरुमा संवेदनशीलता हुँदैनथ्यो । सूत्रबाट थाहा पाए अनुसार इन्सुरेन्समा नक्कली बिल बनाएर सरकारबाट १७ लाख बढी भुक्तानी अधिल्लो व्यवस्थापनले लिएको पनि सुनिएको थियो । फलस्वरुप अहिले सरकारले सम्झौता रद्द गरेर रिफर भएका इन्सुरेन्स बिरामीको मात्र उपचार गर्ने गरेको छ । यसरी यो अस्पताल सेवा गर्ने भन्दा पनि नाफा खोज्ने नाममा चल्यो ।

यी घटना एउटा लामो सेवाग्राहीले भोगेका तीता अनुभव थिए । अहिले नयाँ व्यवस्थापनले यसलाई उही तदर्थवादमा नचलाएर एउटा सेवाप्रदायक अस्पतालको रुपमा विकास गरेर गुणस्तरीय स्वास्थ्यकर्मी उत्पादन गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी देशविदेशका बिरामीलाईआकर्षण गरेर पोखरालाई पनि स्वास्थ्य केन्द्रका रुपमा विकास गर्नतिर ध्यान दिनुपर्दछ । अहिले एउटा सानो रोग लाग्नेबित्तिकै काठामाडौं जाने र काठमाडौंका विदेश जाने परिपाटी छ, त्यो विश्वसनीयताको अभाव हो । त्यसैले यो अस्पतालको नयाँ व्यवस्थापनले त्यता ध्यान दिएर चलाओस् अनि पैसा भन्ने कुरा त स्वत: आउँछ भन्ने निष्कर्ष छ ।

ramsubedi1964@gmail.com

नीति कथा

राम्रा र नराम्रा भाव

एक दिन भारद्वाजपुत्र द्रोण पाञ्चाल देशबाट हिँड्दैहिँड्दै हस्तिनापुर दरबारबाहिर आइपुगे । त्यसैबेला हस्तिनापुरका कौरव-पाण्डवका राजकुमारहरू पनि त्यहीं खेल्न पुगे । खेल्दाखेल्दै युधिष्ठिरको औंठी नजिकैको इनारमा खस्यो । त्यो औंठी झिक्नका लागि उनले अनेक प्रयत्न गरे। इनारछेउको बिसौनीमा नौलो मानिस बसिरहेका थिए । युधिष्ठिरले उनीसँग सहायता मागे। उनले इनारमा खसेको औंठी सजिलै उपायले निकालिदिँदा युधिष्ठिर चकित परे ।

युधिष्ठिरले यो कुरा पितामह भीष्मलाई सुनाए । पितामह नौलो मानिस भेट्न आए । उनी त भारद्वाजपुत्र द्रोण रहेछन् । उनले द्रोणलाई दरबार लगे । भने, 'तपाईं धनुर्विद्यामा पारंगत हुनुहुन्छ। हाम्रा राजकुमाहरूलाई शस्त्रास्त्र विद्या सिकाउने गुरुको खाँचो छ । म पनि कुशल आचार्यको खोजीमा थिएँ । तपाईं आजैदेखि आचार्यका रूपमा यस दरबारमा बसिदिनुहोस् । राजकुमारहरूलाई शस्त्रास्त्र विद्या सिकाउनुहोस् ।'

कामको खोजीमा रहेका द्रोणलाई ढुंगा खोज्दा देउता मिल्यो। द्रोण हस्तिनापुर दरबारमा आचार्यका रूपमा नियुक्त भए। उनले धनुर्विद्या सिकाएर राजकुमारहरूलाई शस्त्रास्त्रमा पारंगत बनाए । द्रोणले उनीहरूको परीक्षा पनि लिए । उनीहरूमध्ये अर्जुनको लगनशीलता र हस्तकौशल भने बेजोडको थियो । अर्जुन आफूसरह सिपालु भएको उनी ठान्थे । अर्जुनको क्षमता देखेर द्रोणाचार्य उनलाई विशेष स्नेह गर्दथे ।

हस्तिनापुरका सबै राजकुमारहरू एउटै परिवेशमा हुर्किए, खेले र धनुर्विद्या पनि सिके। सबैजसोको आनीबानी, व्यवहार र विचार मिल्थ्यो, तर दुर्योधन र युधिष्ठिरको स्वभाव भने नितान्त फरक थियो। दुर्योधन बडो अभिमानी थिए भने युधिष्ठिर सत्यवादी र शान्त स्वभावका थिए । खेल्दाखेल्दै हार भयो भने पनि दुर्योधन आफैंले जितेको दाबी गर्थे । भीमसँग झगडासम्म हुन्थ्यो, तर युधिष्ठिर कहिलेकहीं जितेको त दुर्योधनले नै हो भनेर झगडा हुन दिँदैनथे । भगवान् कृष्णले पनि यस्ता घटना देखेका थिए ।

एक दिन कृष्णले दुर्योधन र युधिष्ठिरको भाव बुझ्ने विचार गरे । दुवैलाई हस्तिनापुरका गाउँ-सहर घुम्न पठाए । एकएकवटा सादा कपीका पाना दिँदै भने- दुर्योधनलाई राम्रा कुरा र युधिष्ठिरलाई नराम्रा कुरा लेखेर ल्याऊ । फर्केर आउँदा दुवैले खाली पाना ल्याए। यसबाट के बुझिन्छ भने दुर्योधनमा नकारात्मक भाव थियो त्यसैले उनलाई राम्रा पनि नराम्रा लागे। युधिष्ठिरमा सकारात्मक भाव थियो त्यसैले उनलाई नराम्रा पनि राम्रा लागे ।

वर्गीकृत विज्ञापन डिस्प्ले

तु-आवश्यकता
पोखराको चिप्लेढुंगा अवस्थित एक प्रतिष्ठित रेष्टुरेन्टलाई
Fast Food Cook-1 (25000+)
किचन हेल्पर- २ (12,500+)
Cleaner-1 (10,000+)
Only Cafe & Restaurant
9856065140, 9856034368

जग्गा भाडामा
मन्टेश्वरी, पशुपालन, फुटसल, अपाटमेन्ट, गोदाम, ट्रान्सपोट कृषि, जिमहल, आल्मुनियम आदि पानी, बत्तीको सुविधा भएको ।
सम्पर्क:
9846081025, 9802381099

मोबाइल पसल बिक्रीमा
पोखरा-१२, सितलादेवी स्थित चालु अवस्थामा रहेको मोबाइल पसल विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क:
९८४६२-८४०४६

किराना पसल बिक्रीमा
पोखराको अतिव्यस्त ठाउँमा रहेको किराना पसल विशेष कारणवश तु बिक्रीमा।
सम्पर्क :
९८५७६४१४५७
९८६६४४८७१५

तु-आवश्यकता
कुक-१ जना
कुक हेल्पर- २ जना
वेटर- ३ जना
खान, बस्न सुविधा
तलब: आपसी समझदारीमा
सम्पर्क :
9846281565
9816183802

आवश्यकता
प्रतिष्ठित रेष्टुरेन्टको लागि कर्मचारी आवश्यकता ।
हेड कुक- १ जना
अल राउण्डर कुक- १ जना
वेटर: महिला - १ जना, पुरुष १ जना
ठेगाना:
तालचोक-२७
फोन नं.: 9846658606, 9815178383

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

WANTED
House Keeping-3
Front Office- 2
Waiter-3
Dish washer-2
Cook (Specialist in Nepali Thai)-2
Cook Helper-2
Contact :
Hotel Raniban Arcade
061-467300 | 467301
9856023054, 9806713593

प्लम्बर चाहिएमा
नेपाल सरकारबाट मान्यता प्राप्त प्लम्बिङ सम्बन्धी सम्पूर्ण कार्य तथा मर्मत गर्नुपरेमा ।
सम्पर्क :
9869232280
9803191995

घडेरी बिक्रीमा
लेकसाइड सेन्टर पोइन्टमा आकर्षक घडेरी बिक्रीमा छ।
सिधा सम्पर्क:
९८४९९४७६६५,
९८१३७१४२४१

फ्ल्याट भाडामा चाहियो
अमरसिंहचोक, बुद्धचोक, रानीपौवा, हस्पिटल चोकमा रहेको राम्रो सुविधायुक्त घर चाहियो।
सम्पर्क:
98291-11661

आवश्यकता
एक प्रतिष्ठित क्याफेको लागि
कुक- १ जना
कुक हेल्पर- १ जना
वेटर- ३ जना
योग्यता: साधारण लेखपढ
समय: बिहान १० बजेदेखि ७ बजेसम्म
सम्पर्क:
ड्रिम फुड क्याफे
पोखरा ट्रेडमल-३ तल्ला
9843214609
काम नजान्नेहरुको लागि तालिमको व्यवस्था

आवश्यकता
१. कुक-०२ जना (Allrounder)
२. डिसवासर / हेल्पर-०२ जना
३. हाउसकिपिङ्ग - ०३ जना
४. Waiter - ०२ जना
५. क्लिनर - ०५ जना (फुल टाईम/पार्ट टाईम)
६. Accountant/Admin- ०१ जना (कम्तिमा १ वर्ष कार्य अनुभव)
७. Receptionist - १ जना
चौतारी बुटिक होटल
२५ नं Street, लेकसाईड
Email : chautariboutiquehotel@gmail.com
सम्पर्क : ९८५६०१८१००, ९८५६०२६२३३

हरिबोधनी एकादशी पर्वका अवसरमा सोमबार तनहुँको दमौलीस्थित सेतीमादी दोभानमा फूलको तोरण तार्दै सर्वसाधारण । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

'वैदेशिक रोजगारीलाई व्यवस्थित बनाऔं'

समाधान संवाददाता
पोखरा, २९ कार्तिक

सुरक्षित आप्रवासनका राष्ट्रिय सञ्जालले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनका लागि नीति निर्माणका क्रममा आइतबार प्रदेशस्तरमा छलफल गरेको छ ।

कार्यक्रममा पौरखी नेपालका संस्थापक मञ्जु गुरुङले सबै प्रदेशका सरोकारवालाको राय सुझावको निश्कर्षबाट नीति निर्माण गर्ने बताइन । उनले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनका लागि विश्वव्यापी समझदारीपत्र (ग्लोबल कम्प्याक्ट फर माइग्रेसन)को नेपाल पक्ष राष्ट्र बने पनि कार्यन्वयनका लागि राष्ट्रिय कार्य योजना नबनाएको उल्लेख गरिन् ।

उनले समझदारीपत्रलाई घरेलुकरण गरे दिगो विकास लक्ष्यका सूचकहरु पूरा गर्न सकिने बताइन् । सोलीडारिटी सेन्टरसँगको सहकार्यमा भएको कार्यक्रममा उनले समझदारीपत्र राष्ट्रका लागि बाध्यकारी नभएको उल्लेख गरिन् ।

'समझदारीपत्रको नेपाल पक्ष राष्ट्र बनेता पनि हालसम्म राष्ट्रिय कार्यान्वयन योजना बनेको छैन,' उनले भनिन, 'समझदारीपत्रलाई सरकारका नीति कार्यक्रम र योजनामा समावेस गरे दिगो विकास लक्ष्यका सूचकहरु पूरा गर्न सकिन्छ ।' उनले वैदेशिक रोजगारीलाई रोक्न नसकिने भएकाले मर्यादित र व्यवस्थित बनाउनुपर्ने बताइन् ।

नेपाल विकास अध्ययन प्रतिष्ठान (निड्स)का प्रतिनिधि चिरञ्जीवी बरालले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका १ हजार २ सय ४३ मध्ये सबभन्दा बढी ४ सय ७४ जनाको कारण नखुलेको बताए । उनले वैदेशिक रोजगारीको उजुरी सुन्ने र मेलमिलाप गर्ने अधिकारी स्थानीय प्रशासनलाई प्रदान गरिएको बताए ।

कार्यक्रममा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाही, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष अशोक राना, एसियन फोरमका पूर्व अध्यक्ष निरज थापा, तमु सांस्कृतिक प्रतिष्ठान अध्यक्ष चित्रबहादुर गुरुङ, एसियन फोरमका प्रतिनिधि पार्वती रेग्मी पौडेल, नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) गण्डकी प्रदेश अध्यक्ष रुद्रबहादुर खत्री, नेपाल ट्रेड युनियन कांग्रेस कास्की पूर्व अध्यक्ष कुलदेवी बराल, रुपा, मादी र अन्नपूर्ण गाउँपालिकाका रोजगार संयोजकहरु क्रमश: सञ्जय ढकाल, विश्वराज देवकोटा र सुरेश भण्डारी, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश महासचिव गोविन्द सुवेदी लगायतले सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनका लागि सरकारले लगानी, श्रोत र साधन तथा कार्यक्रम गर्नुपर्ने बताए ।

प्रविधि प्रयोग गरी छिटो सेवा देऊः मुख्यमन्त्री

समाधान संवाददाता
पोखरा, २९ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सूचना प्रविधिको प्रयोग गर्दै सेवाग्राहीलाई छरितो रुपमा सेवा प्रदान गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले चौंथो र पाँचौ तहका कर्मचारीका लागि गरेको सेवाकालीन तालिमको उद्घाटनपछि मुख्यमन्त्री पोखरेलले उक्त निर्देशन दिएका हुन् ।

अहिले पुराना ढड्डा पल्टाएर बस्ने बेला गइसकेको भन्दै उनले कार्यालय व्यवस्थापन र सेवा प्रवाह दुवै पक्षको ख्याल गरेर काम गर्न उनले आग्रह गरे । क्षमता अभिवृद्धि र कार्यशैलीमा परिवर्तन ल्याउनका लागि तालिमहरु हुने गरेर ती तालिमको उपलब्धि निकै कम हुने गरेको प्रसंग उठान गर्दै मुख्यमन्त्री पोखरेलले प्रदेश सरकार मातहतको प्रतिष्ठानले त्योभन्दा माथि उठेर काम गर्दै आएको बताए । राजनीतिक परिवर्तनसँग सरकारको नेतृत्व फेरबदल भए पनि कर्मचारीतन्त्र स्थायी सरकार भएकाले गुनासो नआउने गरी प्रभावकारी काम गर्न उनले आग्रह गरे । 'हामी आउँछौं जान्छौं, दलको राजनीतिक प्रतिबद्धता अनुसार हामीले कार्यक्रमहरु ल्याउँछौं, त्यसलाई कानुनी मान्यता पाउने गरी कार्यान्वयनमा लैजाने तपाईंहरु नै हो, तपाईंहरुको कार्यशैलीमा सरकारको सफलता र असफलता निर्भर छ ।'

यो तालिमले कर्मचारीको वृत्ति विकासमा समेत सघाउने भएकाले त्यही अनुसार यसको उपभोग गर्नु पर्ने उनको भनाइ थियो । प्रदेश सरकार बजेटको सिमितताबीच अगाडि बढिरहे पनि कर्मचारीको क्षमता अभिवृद्धिका लागि कुने कन्जुस्याइँ नगरेको उनले बताए ।

मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमालले तालिममा जुसुकैले पनि ज्ञान, सीप र व्यहारमा परिवर्तन गर्ने शैली सिक्ने भएकाले त्यसको अधिकतम उपयोग गर्न आग्रह गरे ।

मुख्यन्यायाधिवक्ता रोहितराज बास्तोलाले सेवाग्राही आएर पहिला ठोक्किने नै सहायकस्तरका कर्मचारीसँग भएकाले नरम र सहज व्यवहार प्रस्तुत गर्न आग्रह गरे । संघीय शासन प्रणालीमा ३ तहका सरकारबीच समन्वयकर्ताको भूमिका समेत कर्मचारीले निभाउनुपर्ने भन्दै उनले कर्मचारीमाथि सरकारले गरेको लगानीको सही नतिजा आउनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहायकस्तरका कर्मचारीका लागि थालेको ३० कार्यदिने तालिममा कार्यालय सञ्चालन तथा व्यवस्थापनका बारेमा सैद्धान्तिक व्यहारिक पक्षका विषयमा प्रशिक्षण दिइने जानकारी दिए । कर्मचारीको ज्येष्ठताका आधारमा मापदण्ड बनाएर कर्मचारी छनोट गरिएको र पहिलो चरणमा ६० जना छानिएको उनले बताए । १ सय २० जनालाई यो तालिम प्रदान गरिनेछ । तालिममा ११ जिल्लामा संघ, प्रदेश र स्थानीय तहका कार्यालयका कर्मचारी सहभागी छन् ।

२० महिनाअघि स्थापित प्रतिष्ठान ५ वर्षे रणनीति बनाएर त्यही अनुसार अगाडि बढेको उनले बताए । २ वर्ष भित्रमा सुविधासम्पन्न भवन निर्माण गरेर प्रशिक्षण र अनुसन्धानमा प्रतिष्ठानलाई अब्बल साबित गर्ने प्रतिबद्धता उनले जनाए । यो तालिम लिएपछि कर्मचारीको बढुवाका लागि २ नम्बर थपिन्छ । तालिमका सूचना प्रकाशन गर्दा १ सय ७८ जनाले आवेदन दिएको र तीमध्ये १ सय २० जना छानिएका हुन् । बाँकीलाई पनि क्रमश तालिम प्रदान गरिने पाण्डेले बताए ।

हुडिकोटको चौतारो पुनर्निर्माण

समाधान संवाददाता
पोखरा, २९ कार्तिक

सिलिंगे महिला चेतना समूहको सक्रियतामा पोखरा ३३ भरतपोखरीको हुडिकोटमा रहेको चौतारो पुनर्निर्माण गरिएको छ । २ सय वर्ष पुरानो चौतारो सोमबार भएको कार्यक्रममा गण्डकी प्रदेशका उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेलले उद्घाटन गरे ।

मन्त्री कँडेलले प्राचीन सम्पदाको संरक्षण गर्नु सबैको दायित्व भएको बताउँदै समूहको सक्रियतामा सम्पदा पुनर्निर्माण हुनु प्रशंसनीय भएको बताए । नेपालका बाइसे चौबिसे राजाको समयदेखि अस्तित्वमा आएको हुडिकोटसहित यस आसपासका कोटभैरव, देउराली लगायतका स्थानको पर्यटकीय सम्भावना उजागर गर्नका लागि मन्त्रालयबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता उनले गरे ।

समूहका अध्यक्ष कर्णकुमारी महतले हुडिँकोटको चौताराको ऐतिहासिक महत्व समेतलाई दृष्टिगत गरी १ लाख ५५ हजार ५५५ रुपैयाँ लागतमा जनस्तरको सहयोगबाट निर्माण गरिएको बताइन् । समूहकै सकृयतामा मनियलडाँडाको चौताराका साथै ठाडाबारीमा प्रतिक्षालय निर्माण गरिएको र यहाँका पाण्डेबारी, सिलिङ्गेको चौतारा पनि पुनर्निर्माण गर्ने लक्ष्य राखिएको जनाइन् ।

पोखरा ३३ का वडा सदस्य शोभा नेपालीले वडा भित्रका प्रत्येक सामाजिक काममा साथ र सहयोग गर्ने बताइन् । राष्ट्रिय समाचार समिति गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेलले पर्यटकीय रुपमा धेरै सम्भावना बोकेको हुडिँकोट, मल्लकालीन कोटभैरव मन्दिर, देउराली मन्दिर आदिको प्रवर्द्धन गर्नु आवश्यक भएको बताए ।

कार्यक्रमाम सरला महत, सीता केसी महत, तीलक अधिकारी, पीताम्बर पौडेल, गुरुप्रसाद पौडेल, हरिराम पौडेल लगायतले बोलेका थिए । सो अवसरमा मन्त्री कँडेलले नवनिर्मित चौतारामा बरको बिरुवा रोप्नुका साथै ज्येष्ठ नागरिक तथा चौतारो निर्माणमा सघाउनेहरुलाई सम्मानसमेत गरे ।

माछापुच्छे, अन्नपूर्ण, धौलागिरि लगायतका हिमशृङ्खला तथा सेती नदी, सात तालको बगैँचा भनेर चिनिने लेखनाथसहितको बृहत् पोखरा महानगर एकसाथ देख्न सकिने रमणीय हुडिकोटमा पछिल्ला वर्षमा आन्तरिक पर्यटक पुग्ने क्रम बढिरहेको छ । समुी सतहबाट १ हजार १ सय ४० मिटरको उचाइमा रहेको यो स्थलले समग्र भरतपोखरीको गरिमा र महत्व बढाएको यहाँका स्थानीयवासी बताउँछन् ।

उच्च पहाडी भू-भागमा रहेको यो ठाउँ सूर्योदय र सूर्यास्तको अवलोकनका लागि पनि उपयुक्त गन्तव्य हो । यहाँबाट माछापुच्छे, अन्नपूर्ण हिमालदेखि लम्जुङ हिमालसम्मका रमणीय दृश्यलाई एक साथ नियाल्न सकन्छ । यहाँबाट कास्की, तनहुँ, लम्जुङ, मनाङ, गोरखा, चितवन, नवलपरासी, पाल्पा, पर्वत बागलुङ, म्यागदी, स्याङ्जा जिल्लालगायत विभिन्न स्थान देखिन्छन् ।

मनियलडाँडा बसपार्कबाट निजी सवारी साधन हुने व्यक्तिहरू सवारीसाधन लिएरै हुडिकोटसम्म नै पुग्न सक्छन् भने नहुनेले करिब १५ मिनेट हिड्नुपर्छ । पछिल्ला वर्षमा पर्यटकहरू आउने क्रम बढेसँगै मनियलडाँडा बसपार्कका साथै हुडिकोटमा नै होटल तथा रेष्टुरेन्ट बन्ने क्रमले पनि गति लिएको छ ।

आवश्यकता

यस भैरव बचत तथा ऋण सहकारी संस्था लि.को लागि निम्न कर्मचारीहरुको आवश्यता परेको हुँदा इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटासहित मिति २०७८/०८/०३ गते भित्र निवेदन पेश गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

क्र.सं.	पद	संख्या	योग्यता / अनुभव
१	व्यवस्थापक	१ जना	- स्नात्तक तह उत्तीर्ण (वाणिज्य शास्त्रमा) - २ वर्ष वित्तीय क्षेत्रमा काम गरेको - Finacct Software जानेको ।

सम्पर्क:
भैरव बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-४, महेन्द्रपुल, विशालबजार, फोन नं.: ०६१-५३९९९१

रूमाले घडेरी विक्रीमा

पोखरा २७, अर्घौचोक पृथ्वीराजमार्गबाट उत्तरतर्फ ८ सय मिटर भित्र २० हात मोहडा ४० हात पिछाड भएको रुमाले घडेरी विक्रीमा ।

(कित्ता छिमाएनभईसकेको २० फुट पिच बाटो, नगरेबाली, बिजुली, इन्टरनेट, स्कुल बस लाउनका लहरी सुविधाको यक्ष्य)

मूल्य: ७० लाख

सम्पर्क: ९८५६०४४५६५
९८५११३८२०४

के तपाईको Printer मा कुनै समस्या छ ?

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।

त्यो पनि सस्तोमा



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्यत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेत अक्टरेन्टीका साथ टोनर रिफिलेन्ट Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

गण्डकी कम्प्युटर्स
... the printer house

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५३१९३५, मो. ९८५६०-४१८३५, ९८५६०-६५९३५
९८५६०-६६९३५, ९८५६०-६७९३५, ९८५६०-६८९३५, ९८५६०-८०६४८

मंगलाकाली यातायात प्रा.लि.

पोखरा काउन्टर :
अर्चलबोट-२, पोखरा
पोखरा मो. ५८१६१५६०८०

जिप काउन्टर

हाम्रा सेवाहरू
- पोखरा-बेनी
- पोखरा-तातोपानी
- पोखरा-जोमसोम
- पोखरा-दरवाङ

बेनी जिप काउन्टर :
फोन नं. ०६९-५२११४१

नोट : नेपाल भर रिजर्भको लागि जीप चाहिएमा हामीलाई सम्झनु होला ।

राष्ट्रिय जनगणनाको मुख्य प्रश्नावली भर्दै गरेका गणकको अनुगमन गर्दै प्रदेश जनगणना कार्यालय गण्डकीका प्रमुख जग्गुलाल बस्याल लगायत । १२ औं जनगणना कात्तिक २५ देखि मंसिर ९ सम्म चल्नेछ ।

तस्बिर: समाधान

प्रदेश छनोट क्रिकेट सुरु

समाधान संवाददाता
पोखरा, २९ कात्तिक

वाइ वाई यु १९ गण्डकी प्रदेश क्षेत्रीय छनौट क्रिकेट प्रतियोगिता आइतबारदेखि पोखरा रंगशालामा सुरु भएको छ । उद्घाटन खेलमा कास्कीले स्याङ्जामाथि ३ विकेटको जित निकालेको छ । टस जितेर ब्याटिङ गरेको स्याङ्जाले ३८ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १ सय ३२ रन जोडेको थियो ।

स्याङ्जाका विष्णु पाण्डेले ३० तथा सुजन गौतमले १९ रनको पारी खेले । कास्कीका बलरहरु अभिषेक थापा र किरण पौडेलले ३/३ विकेट लिए । सुवास भण्डारीले २ तथा देव शाह र प्रमोद बास्तोला १/१ विकेट लिन सफल भए ।

जितका लागि १ सय ३३ रनको लक्ष्य पछ्याएको कास्कीले ३० ओभरमा ७ विकेट गुमाएर जित हासिल गऱ्यो । कास्कीको तर्फबाट म्यान अफ द म्याच अर्जुन कुमालले ७० बलमा ६९ रनको महत्वपूर्ण योगदान दिए । उनको पारीमा

११ चौका सामिल थियो । त्यस्तै, सुवास भण्डारीले १५ रन जोडे । स्याङ्जाको वलिङमा सन्दीप खत्रीले ३, करण पंगेनीले २ तथा टीकाराम गौतम र तुल्सीराम भण्डारीले समान १ विकेट लिए ।

यसअघि ब्याटिङ गरेर प्रतियोगिता उद्घाटन गर्दै भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले नेपालले छोटो समयमै क्रिकेट खेलमा अन्तर्राष्ट्रिय सफलता हासिल गरेको भन्दै अन्य खेलको तुलनामा क्रिकेट खेलमै बढी सम्भावना देखिएको बताए । क्रिकेट विकासका लागि सरकारले भौतिक पूर्वाधारमा जोड दिनुपर्ने बताउँदै उनले गण्डकी प्रदेश सरकारले पनि खेलकुदलाई प्राथमिकतामा राखेको जनाए । आफू पनि क्रिकेट प्रेमी भएको बताउँदै उनले यो खेलको विकासका लागि सक्दो प्रयास गर्ने बताए ।

प्रदेश खेलकुद परिषद् गण्डकी सदस्य सचिव तेज गुरुङले क्रिकेट खेलले अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय गरिमा बढाएको भन्दै यसको विकासका लागि पूर्वाधारमा जोड दिनुपर्ने बताए । क्षेत्रीय क्रिकेट संघ गण्डकी अध्यक्ष देवेन्सन प्रजुले छोटो तयारीमै यो प्रतियोगिता आयोजना गरिएको जनाउँदै सहभागी टिमप्रति कृतज्ञता जाहेर गरे ।

कार्यक्रममा कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले पनि बोलेका थिए । राउन्ड रोबिनको आधारमा ६ दिनसम्म चल्ने प्रतियोगितामा कास्की, तनुहँ, नवलपुर र स्याङ्जाका ४ टिम सहभागी छन् ।

कर्मचारी व्यवस्थापन हुन्छ: बराल

गण्डकी, २९ कात्तिक (रासस)- गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले छिट्टै कर्मचारी व्यवस्थापन हुने बताएका छन् । अर्थ मन्त्रालयद्वारा आइतबार मुस्ताङमा आयोजित बजेट कार्यान्वयन र आर्थिक अनुशासनसम्बन्धी अन्तर्क्रिया एवं छलफल कार्यक्रममा उनले प्रादेशिक कार्यालयमा कर्मचारी अभावले गर्दा धेरै योजना प्रभावित हुन लागेको हुँदा छिट्टै कर्मचारी व्यवस्थापन गर्ने बताए ।

उनले भने, 'स्रघीय सरकारले प्रदेशमा आवश्यक पर्ने कर्मचारी व्यवस्थापन गर्न नसक्दा र प्रदेशले लोकसेवा आयोग ढिलो ल्याउँदा कर्मचारी व्यवस्थापन गर्न कठिन भएको हो ।'

प्राप्त बजेट बढीभन्दा बढी कार्यान्वयन गर्न कर्मचारीलाई निर्देशन दिँदै मन्त्री बरालले अघिल्लो वर्षको तुलनामा यस वर्ष करिब ५ अर्ब कम बजेट विनियोजन भएकाले प्राप्त बजेटलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याए । जिल्ला समन्वय समिति मुस्ताङका उपप्रमुख राजेन्द्र शेरचनले कर्मचारी अभावले गर्दा विकास निर्माण एवं जनताका धेरै काम प्रभावित भएको सुनाए ।

अर्थ मन्त्रालयका सचिव वैकुण्ठप्रसाद अर्यालले बजेट कार्यान्वयनको अवस्था बुझी कठिनाइ भएका अवस्थामा सहजीकरण गर्ने उद्देश्यले जिल्लामा छलफल गरिएको जानकारी दिए । कोष लेखा तथा नियन्त्रण कार्यालय मुस्ताङका डालेश्वर अर्यालले प्राकृतिक स्रोत साधनबाट राजस्व संकलन हुन नसकेको गुनासो गरे ।

स्वास्थ्य कार्यालय मुस्ताङका टीकाराम भण्डारीले मुस्ताङमा हाल २ होम आइसोलेसनका कोरोना सङ्क्रमित छन् भने जिल्लामा कोरोनाबाट हालसम्म १५ जनाको मृत्यु भएको जानकारी दिए ।

पूर्वाधार विकास कार्यालयका प्रमुख विवेक सिग्देलले जिल्लामा ६ बहुवर्षीय योजना भएको जनाउँदै यसै वर्ष उक्त योजनासहित अन्य दायित्व कार्यालयलाई करिब १४ करोड आवश्यक पर्ने भएको जनाए । सामाजिक विकास कार्यालय मुस्ताङका प्रमुख रामचन्द्र ढुङ्गानाले हालसम्म आफूमात्र एक कर्मचारी भएकाले काम गर्न कठिन भएको गुनासो गरे । हालै गठन भएको कार्यालयमा एक मात्र कर्मचारी हुँदा आफूले चाहेर पनि काम गर्न कठिन भएको उनको भनाइ छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको अध्यक्षतामा भएको कार्यक्रममा अर्थमन्त्रालयका शाखा अधिकृतद्वय केशव सुवेदी, डिल्ली सुवेदी लगायतका प्रदेशका विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिले विकास निर्माणका बारेमा चर्चा गरेका थिए । यसैबीच, आइतबारै मुस्ताङमा आएको हिउँपहिरोमा परी घाइते भएकालाई मन्त्री बरालले जिल्ला अस्पताल मुस्ताङमा पुगेर उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी दिए । हिउँपहिरो गएको क्षेत्र घट्टेखोला क्षेत्रमा पुगेर समेत उनले स्थानीयलाई सचेत रहन आग्रह गरेका थिए ।

डिस होमका ग्राहकलाई सित्तैमा इन्टरनेट

समाधान संवाददाता
पोखरा, २९ कात्तिक

डिस होमले आफ्ना ग्राहकलाई नि:शुल्क १० एमबिपिएस इन्टरनेट प्रदान गर्ने भएको छ । डिस होम नेपालको एकमात्र डिटिएच सेवाप्रदायक कम्पनी हो ।

कम्पनीले यसअघि नै बजारमा ल्याएको 'लाइफ स्टाइल' लाई निरन्तरता दिँदै डिस होम रिचार्ज गर्ने हरेक ग्राहकलाई डिस होम फाइबरनेट नि:शुल्क इन्टरनेट प्रदान गर्ने भएको हो । गत साउनदेखि रोकिएको यो प्याकेज आइतबारदेखि पुन: सञ्चालनमा ल्याइएको डिस होमका जेनरल म्यानेजर रमेश सापकोटाले जानकारी दिए ।

यस अन्तर्गत ग्राहकले १ महिनाका लागि ६ सय रूपैयाँ (भ्याटसहित) मा डिस होम टिभी रिचार्ज गर्दा १० एमबिपिएस गतिको इन्टरनेट नि:शुल्क पाउनेछन् । वार्षिक ग्राहकले मासिक साढे ५ सय रुपैयाँ (भ्याटसहित) मा डिस होम रिचार्ज गर्दा नि:शुल्क इन्टरनेट प्राप्त गर्न सक्ने छन् ।

डिस होमका २० लाख ग्राहकसँगै नयाँ कनेक्सन लिएका सबैले यो सुविधा पाउनेछन् । देशका मुख्य सहरमा डिस होमको फाइबरनेट पुगेको छ ।

आईपिओ जारी गर्दै सुपर मादी

पोखरा, २९ कात्तिक (समाधान)- सुपर मादी हाइड्रोपावर कम्पनीले सर्वसाधारणलाई ३१ लाख ५० हजार कित्ता सेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने कार्य बढाएको छ । जसका लागि प्रभु क्यापिटललाई सेयर प्रत्याभूतिकर्तामा नियुक्त गरेको छ ।

नियुक्ति सम्बन्धी सम्झौता आईतबार भयो । सम्झौतामा सुपर मादी हाइड्रोपावर कम्पनीका तर्फबाट कार्यकारी अध्यक्ष पुष्पज्योति ढुंगाना तथा प्रभु क्यापिटलका तर्फबाट प्रबन्ध निर्देशक दिनेश थकालीले हस्ताक्षर गरे ।

कम्पनीले कास्कीको मादी नदीमा ४४ मेगावाट क्षमताको हाइड्रोपावर आयोजना निर्माण गरिरहेको छ । हालसम्म कम्पनीको ८० प्रतिशत भौतिक कार्य सम्पन्न गरेको र कम्पनीले सेयर निष्काशनको अनुमतिका लागि विद्युत नियमन आयोगमा निवेदन पेश गरिसकेको छ ।

आयोगको स्वीकृतिपश्चात तुरुन्तै नेपाल धितोपत्र बोर्डमा सेयर निष्काशन अनुमतिका लागि निवेदन पेश गर्ने कम्पनीका कार्यकारी अध्यक्ष ढुंगानाले जानकारी दिए ।

कोरलामा चाँडै भौतिक पूर्वाधार: तिमिल्सिना

समाधान संवाददाता
जोमसोम, २९ कात्तिक

कोरलाना कामा भौतिक पूर्वाधार निर्माण चाँडै सुरु हुने राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले बताएका छन् । उत्तर दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजना, कालीगण्डकी करिडोर अन्तर्गतको निर्माणधीन बेनी जोमसोम–कोरला सडक तथा कोरला नाकाको पछिल्लो अवस्था बुझ्न सोमबार बिहान मुस्ताङ आइपुगेका तिमिल्सिनाले यस्तो बताएका हुन् ।

जोमसोम विमानस्थल सञ्चारकर्मीसँग उलने कोरला नाकामा भन्सार, क्वारेन्टाइन, सुख्खा बन्दरगाह, सुरक्षा चेक पोस्ट लगायतका पूर्वाधार निर्माणका लागि चालु वर्षभित्रै वातावरण अध्ययन प्रतिवेदन (इआइए) र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पूरा हुने जानकारी दिए ।

राष्ट्रिय सभा अध्यक्ष तिमिल्सनाले अर्को वर्ष भन्सार लगायतका पूर्वाधार निर्माण गर्न ठेक्का सम्झौताको प्रक्रिया अघि बढ्ने दावी गरे । यसका लागि आफूले भन्सार विभाग तथा सम्बन्धित अधिकारीहरुसँग कुराकानी गरिसकेको उनले जानकारी दिए । उनले ठेक्का सम्झौता भई प्राकृतिक विपद र टेन्डर भई काम ढिलो हुने रोगबाट मुक्त गर्न सकिएमा ३ वर्षभित्रै कोरला नाकामा भन्सार लगायतका पूर्वाधारको बनिसक्ने जनाए ।

तिमिल्सिनाले अहिलेको कोरला नाकाको १२ किमी यता नेचुङमा रहेको भन्सार कामचलाउ मात्र भएको र यसका लागि दीर्घकालीन लक्ष्य अनुसार कोरला पूर्वाधारलाई गति दिन आवश्यक भएको औंल्याए । 'अबको ३ वर्षभित्र कोरला सडक पूरा हुन्छ। त्यस समयभित्रै भन्सार लगायतका संरचना तयार गर्नुपर्ने हुन्छ, अध्यक्ष तिमिल्सिनाले भने, 'तर मुस्ताङको रिपोर्टिङ अनुसार अपेक्षित गति लिन नसकेको भन्ने छ ।'

उनले बेनी जोमसोम कोरला सडकमा ढिलासुस्ती भएकाले यसलाई तीव्रता दिनुपर्ने बताए । सडक तथा नाका अनुमगनका लागि मुस्ताङ आइपुगेका राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिनाले भूगोलको हिसाबले नेपाल प्राकृतिक बरदान भए पनि सडक यातायात स्तरोन्नतिका हिसाबले चुनौतीपूर्ण भएको उल्लेख गरे । उनले सडक तथा नाकाको सम्पूर्ण अवस्था रिपोर्टिङ गरी सरकार र सम्बन्धित निकायको ध्यानार्कषण गराउने प्रतिवद्धता गरे ।

नेपालले कोरला नाकालाई लक्षित गरी नेचुङमा बिओपी र लोमान्थाङको लुङ्खु फाँटमा नेपाली सेनाको क्याम्प खडा गरेको छ । नाकामा चिनियाँ पक्षले भन्सार लगायतका संरचना निर्माण गरिसकेको भए पनि नेपालतर्फ कुनै संरचना बनेका छैनन् ।

पोविमा भौतिक कक्षा

पोखरा, २९ कात्तिक (समाधान)- पोखरा विश्वविद्यालयले सोमबारदेखि पठनपाठन लगायत सबै शैक्षिक एवं प्राज्ञिक क्रियाकलाप भौतिक रूपमा सञ्चालन गरेको छ ।

कोभिड १९ को जोखिम तथा संक्रमणमा उल्लेख्य कमी आएपछि विश्वविद्यालयले निर्देश गरे बमोजिम विश्वविद्यालयका आंगिक, संयुक्त आंगिक तथा सम्बन्धन प्राप्त ६६ वटै महाविद्यालयले भौतिक रूपमा पठनपाठन र अन्य क्रियाकलाप थालेको सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिए । विश्वव्यापी महामारीको रूपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण र जोखिमका कारण २०७६ को चैतदेखिको लकडाउन र केही समयको बन्दपछि पछिल्लो समयमा विश्वविद्यालयले अनलाइन माध्यमबाट पठनपाठन एवं परीक्षा

'नागरिक समाजको भूमिका स्थापित भएन'

समाधान संवाददाता
पोखरा, २९ कात्तिक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले महामारी र विपद्ले नागरिक समाजमा परेको असरका बारेमा अध्ययन थालेको छ । अध्ययन प्रतिवेदनको तयारीको क्रममा इन्सेक गण्डकी प्रदेश कार्यालयले प्रारम्भिक अध्ययनउपर सरोकारवालासँग छलफल चलाएर राय, सुझाव संकलन गरेको छ ।

इन्सेक केन्द्रीय कार्यालयकी बहस पैरवी शाखा प्रमुख सम्झा श्रेष्ठले सबै प्रदेशबाट आएको सुझावलाई प्रतिवेदनमा समेट्न जानकारी दिइन् । उनले महामारीको अवधीमा सरकारले नागरिक समाजलाई उचित स्थान नदिएको बताइन् । 'सो अवधिमा सरकारले नागरिक समाजको भूमिकालाई स्थापित गर्न सकेन,' उनले भनिन्, 'आफै निष्क्रिय भएको नागरिक समाजले जनतालाई स्वास्थ्य, राजनीतिक तथा नागरिक अधिकारबारे सचेत र संगठित गराउन सकेन ।' उनले महामारी तथा विपद्का बेलामा नागरिक समाजले राज्यका निकायलाई सहयोग गर्ने वातावरण नभएको उल्लेख गरिन् । उनले राहत वितरणमा समन्वयदेखि सरकारी निर्णयमा प्रभाव पार्न नसकेको स्वीकार गरिन् । स्थानीय प्रशासनले लगाएको निषेधाज्ञाका कारण भेला तथा संगठित हुने स्वतन्त्रता हनन भएको दाबी गर्दै उनले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार सुनिश्चित हुन नसकेको बताइन् । बन्दाबन्दीले पसलसम्म जान नपाएका कारण स्थानीय उत्पादन र दिगो कृषिको प्रवर्द्धन भएको उनले उल्लेख गरिन् । उनले नागरिक समाजले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका आधारित अभियान चलाउन पर्ने सुझाव दिइन् ।

प्रतिनिधि सभाका सदस्य जगतबहादुर विश्वकर्माले समय परिस्थिति अनुसार नागरिक समाजले भूमिका निर्वाह गर्नुपर्ने बताए । राज्यका निकायको काममा सहयोग गर्नेदेखि कमी, कमजोरी भएको खण्डमा खबरदारी तथा निगरानी गर्नुपर्ने उनले उल्लेख गरे । 'नागरिक समाजको भूमिका सशक्त र प्रभावकारी भए राज्यका निकायलाई सन्तुलिन र नागरिकप्रति जिम्मेवार बनाउन सकिन्छ,' उनले भने, 'एजेन्डा, व्यवहार र भूमिकाले नागरिक समाज स्थापित हुन सक्छ ।' उनले नागरिक सचेत र संगठित भएको खण्डमा सरकार जिम्मेवार र जवाफदेही बन्ने चर्चा गरे ।

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका निर्देशक चन्द्रकान्त चापागाईले निषेधाज्ञाको कारण जनताले मानव अधिकारको आधारभूत अधिकार उपयोग गर्न नसकेको उल्लेख गरे । उनले नागरिकको स्वास्थ्य शिक्षा र खाद्य अधिकार सुनिश्चित हुन नसकेको बताए ।

निर्देशक चापागाईले आम नागरिकको स्वास्थ्यको हक कायम हुन नसक्दा सम्मानित रुपमा बाँच्न पाउने अधिकार कुण्ठित भएको दाबी गरे । कार्यक्रममा पोखरा महानगरपालिका सामाजिक महाशाखाका अधिकृत विष्णुमाया पौडेल, इन्सेक गण्डकी प्रदेशका संयोजक शिव खकुरेल, कार्यक्रम अधिकृत शवनम शर्मा, गैर सरकारी संस्था महासंघ कास्की अध्यक्ष पदमराज पहारी, सयपत्री समाजका सचिव गिरधारी सुवेदी, मानव अधिकारकर्मी खगराज आचार्य लगायतले प्रतिवेदनमाथि सुझाव राखेका थिए ।

ट्याक्टर दुर्घटनामा चालकको मृत्यु

स्याङ्जा, २९ कात्तिक (समाधान)-आइतार राति स्याङ्जाको आँधीखोला गाउँपालिका एकरायमा ट्याक्टर दुर्घटना हुँदा १ जनाको ज्यान गएको छ । गरेत ६४४० नम्बर को खाली ट्याक्टर अचानक सडकको बायाँ साइडको नालामा पल्टिँदा चालकको घटनास्थलमै मृत्यु भएको हो । तनहुँको भानु नगरपालिका वडा नं. ५ का ३८ वर्षीय चालक सन्तोष गुरुङलाई सोही ट्याक्टरको बायाँ साइडको टायरले च्यापेको र उनको घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ । भानु ५ का ३४ वर्षीय सहचालक रेशम गुरुङ घाइते छन् । घाइते रेशमको टाउको र दायाँ खुट्टामा चोट लागेको छ । उनलाई जिल्ला अस्पताल स्याङ्जामा सामान्य उपचारपश्चात पोखराको मणिपाल अस्पतालमा थप उपचारका लागि पठाइएको प्रहरी नायब उपरीक्षक राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिए ।

ढाडमा नशा च्यापिएको उपचार

लक्षणहरू:
- ढाड लामो समय देखि दुखिरहने।
- ढाडमा नशा च्यापिएको।
- ढाड खुट्टा दुख्ने, पोल्ने, झमझमाउने।
- हिड्न, बस्न, उठ्न गाह्रो हुने
- शरिर दुख्ने, जोर्नी दुख्ने, घुँडा खिइएको उपचार सेवा।

सम्पर्क:
आरोग्य होमियो फार्मेसी
पोखरा-१०, इन्द्रचोक, रंगशाला नजिक
फोन नं.: ०६१-४३०४०७, ९८६६४१५३८०

पोखरा न्युरोडमा (महानगर कार्यालय नजिकै)
१२०० स्क्वायर फिट क्षेत्रफलको सटर भाडामा ।
सम्पर्क : ९८४७१३९३३६